# आकाशवाणी समाचार- नेपाली

मितिः २५ मार्च २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

## प्रमुख समाचार

१. प्रधानमन्त्री नरेन्द्र मोदीले यस महिनाको ३० तारिख आकाशबाणीमा प्रसारण हुने मन की बात कार्यक्रमको लागि नागरिकहरूबाट सुझाव माग्नु भएको छ।

२. वित्त विधेयक २०२५ हिज लोकसभामा छलफल र पारितको लागि पेश गरियो। विधेयकमाथि पक्ष अनि विपक्ष बीच व्यापक चर्चा भयो|

३. मेक इन इन्डिया पहल सुरु भएदेखि नै भारतको स्वदेशी रक्षा उत्पादन २०२३-२४ मा अहिलेसम्मकै उच्च वृद्धि रेकर्ड गर्ने तयारीमा छ।

४. इजिप्टले इजरायल र हमास बीच युद्धविराम पुनर्स्थापित गर्ने उद्देश्यले नयाँ प्रस्ताव अघि सारेको छ।

५. आइपीएल क्रिकेटमा हिजो भएको रोमान्चक खेलमा दिल्ली क्यापिटल्सले लखनऊ सुपर जायन्ट्सलाई एक विकेटले पराजित गरेको छ।

## प्रधानमन्त्री - मन की बात

प्रधानमन्त्री नरेन्द्र मोदीले यस महिनाको ३० तारिख आकाशबाणीमा प्रसारण हुने मन की बात कार्यक्रमको लागि नागरिकहरूबाट सुझाव माग्नु भएको छ। यो मासिक रेडियो कार्यक्रमको १२० औं एपिसोड हुनेछ। सामाजिक सञ्जालको एक पोस्टमा, श्री मोदीले कार्यक्रमको लागि सुझावहरू प्राप्त भएकोमा खुशी व्यक्त गर्नुभयो। उहाँले यी सुझावहरूले सामाजिक भलाइको लागि सामूहिक प्रयासको शक्तिलाई प्रतिबिम्बित गर्ने बताउनु भयो। यस कार्यक्रमको लागि मानिसहरूले टोल-फ्री नम्बर १८००-११-७८०० मार्फत आफ्ना विचार र सुझावहरू दिन सक्छन्। उनीहरूले नरेन्द्र मोदी एप वा MyGov ओपन फोरम मार्फत अनलाइन पनि आफ्ना सुझावहरू साझा गर्न सक्छन्। आगामी एपिसोडहरूको लागि सुझावहरू यस महिनाको २८ तारिखसम्म स्वीकार गरिनेछ। यो कार्यक्रम आकाशबाणी र दूरदर्शनको सम्पूर्ण नेटवर्क, आकाशबाणी समाचार वेबसाइट र न्यूजअनएयर मोबाइल एपमा प्रसारण गरिनेछ। यो आकाशबाणी , डीडी समाचार, पीएमओ र सूचना तथा प्रसारण मन्त्रालयको युट्युब च्यानलहरूमा पनि प्रत्यक्ष प्रसारण गरिनेछ। आकाशबाणीमा हिन्दी प्रसारण भएपछि यो कार्यक्रम क्षेत्रीय भाषाहरूमा प्रसारण हुनेछ।

****** ० ******

## नड्डा-टिबी

केन्द्रीय स्वास्थ्यमन्त्री जेपी नड्डाले देशका सबै जिल्लाहरूमा सघन क्षयरोग उन्मूलन अभियानको घोषणा गर्नुभएको छ। यसअघि यो अभियान ४५५ छनोट गरिएका उच्च प्राथमिकता प्राप्त जिल्लाहरूमा लागू गरिएको थियो। हिजो नयाँ दिल्लीमा आयोजित विश्व क्षयरोग दिवस २०२५ शिखर सम्मेलनमा बोल्दै श्री नड्डाले १०० दिने क्षयरोगमुक्त भारत अभियानको क्रममा लगभग १३ करोड मानिसहरूको जाँच गरिएको र यस रोगबाट पीडित ७ लाखभन्दा बढी नयाँ बिरामीहरू पत्ता लागेको जानकरी दिनुभयो।श्री नड्डाले भारतमा क्षयरोगको उपचारको कभरेज ५९ प्रतिशतबाट बढेर ८५ प्रतिशत पुगेको बताउनु भयो। उहाँले यस वर्षको अन्त्यसम्ममा देशबाट क्षयरोग उन्मूलन गर्न सरकारले कुनै कसर बाँकी नराख्ने बताउनु भयो।

****** ० ******

**लोकसभा - वित्त विधेयक**

वित्त विधेयक २०२५ हिज लोकसभामा छलफल र पारितको लागि पेश गरिएको थियो। यो विधेयकले आर्थिक वर्ष २०२५-२०२६ को लागि केन्द्र सरकारको वित्तीय प्रस्तावहरूलाई प्रभावकारी बनाउने लक्ष्य राखेको छ।छलफलको सुरुमा कांग्रेसका शशि थरुरले देशमा वस्तु तथा सेवा कर (जीएसटी) प्रणाली धेरै जटिल रहेको बताउनु भयो। श्री थरुरले कर तिर्ने आम नागरिकले राहत पाउनुपर्नेमा जोड दिनुभयो।भारतीय जनता पार्टीका निशिकान्त दुबेले भन्नुभयो, सम्पूर्ण विश्व आर्थिक संकटको सामना गरिरहेको छ तर भारत विगत दश वर्षमा एक उज्ज्वल स्थानको रूपमा देखा परेको छ। श्री दुबेले अनलाइन गेमिङको अनियन्त्रित वृद्धिलाई रोक्न यसमा २८ प्रतिशत जीएसटी लगाइएको बताउनु भयो। समाजवादी पार्टीका नीरज मौर्यले सरकारले बजेटमा अनुसूचित जाति, पछाडिएका वर्ग र अल्पसंख्यकहरूलाई बढी ध्यान दिनुपर्ने बताउनु भयो। तृणमूल कांग्रेसकी महुआ मोइत्राले वित्त विधेयकको विरोध गर्दै सरकारले गरिबहरूमाथि करको बोझ कम गर्न कुनै उपाय नगरेको आरोप लगाउनु भयो। राष्ट्रवादी कांग्रेस पार्टी-शरद पवार गुटको सुप्रिया सुलेले देशको कर संरचनामा अझै पनि थप सुधारको आवश्यकता रहेको मन्तब्य पोख्नु भयो । यसैगरी, भाजपाका अनुराग ठाकुरले भन्नुभयो, मोदी सरकारले अर्थतन्त्रको लागि स्थिर जग बसालेको छ। उहाँले भन्नुभयो, भारतलाई विश्वव्यापी लगानीकर्ताहरूको लागि एक आदर्श लगानी गन्तव्य बनाउन दीर्घकालीन सुधारहरू गरिँदैछन्।

****** o ******

**पूर्वोत्तर सीमान्त रेलवे-एनएफआर-त्रिपुरा**

एउटा महत्वपूर्ण उपलब्धिको रूपमा, पूर्वोत्तर सीमान्त रेलवे - आज पहिलो मालवाहक रेल अगरतला नजिकैको निश्चिन्तपुर टर्मिनलमा सफलतापूर्वक पुऱ्याइयो। निश्चिन्तपुर सामान यार्ड महत्वाकांक्षी १२.२४ किलोमिटर अगरतला-अखौरा (बंगलादेश) रेलवे परियोजनाको एक भागको रूपमा निर्माण गरिएको एक अधिकारीले बताएअगरतला-अखौरा रेलवे परियोजनाको उद्घाटन प्रधानमन्त्री नरेन्द्र मोदी र बंगलादेशकी पूर्व प्रधानमन्त्री शेख हसिनाले नोभेम्बर १, २०२३ मा भर्चुअल माध्यमबाट गरेका थिए। नयाँ रेलमार्गका कारण, उत्तरपूर्वी राज्यहरू र कोलकाता बीचको दूरी गुवाहाटी हुँदै हालको १,६०० किलोमिटरबाट घटेर बंगलादेश हुँदै ५०० किलोमिटरमा पुग्नेछ।बंगलादेशमा राजनीतिक अस्थिरताका कारण अगरतला-अखौरा रेलवे परियोजना सञ्चालन हुन सकेन।

****** o ******

**सोनोवाल-सिंगापुर समुद्री सप्ताह**

पोत परिवहन र जलमार्ग मन्त्री सर्वानन्द सोनोवालले सिंगापुर समुद्री सप्ताहमा भाग लिनुभयो। उहाँले विश्वव्यापी समुद्री नेताहरूसँग परामर्श गर्नुभयो र सुरक्षित, दिगो र समृद्ध समुद्री भविष्य निर्माण गर्ने उद्देश्यले रणनीतिहरू विकासबारे चर्चा गर्नुभयो। श्री सोनोवालले समुद्री गतिविधिहरूको विकासलाई प्रवर्द्धन गर्ने भारतको दृष्टिकोणलाई प्रस्तुत गर्नुभयो र यस क्षेत्रले सामना गरिरहेका चुनौतीहरूलाई पनि प्रकाश पार्नुभयो। उहाँले समुद्री सम्पर्क र आपूर्ति शृङ्खलालाई सुदृढ पार्नुको महत्त्वमा जोड दिनुहुँदै, दिगो समुद्री भविष्यतर्फ सामूहिक कार्यको वकालत गर्नुभयो।श्री सोनोवालले वसुधैव कुटुम्बकमको सिद्धान्तमा आधारित भारतको समुद्री दृष्टिकोणको उल्लेख गर्दै सहयोग र साझा समृद्धिलाई प्रवर्द्धन गर्ने बताउनु भयो। श्री सोनोवालले द्विपक्षीय समुद्री र व्यापारिक सम्बन्धलाई सुदृढ पार्न सिंगापुरका प्रमुख मन्त्रीहरूसँग छलफल गर्नुभयो।

****** o ******

**रक्षा उत्पादन**

मेक इन इन्डिया पहल सुरु भएदेखि नै भारतको स्वदेशी रक्षा उत्पादन २०२३-२४ मा अहिलेसम्मकै उच्च वृद्धि रेकर्ड गर्ने तयारीमा छ। यससँगै भारतको स्वदेशी रक्षा उत्पादन अब १ लाख २७ हजार करोड रुपियाँको कीर्तिमानी उचाईमा पुगेको छ। रक्षा मन्त्रालयले भनेको छ, २०१४-१५ मा ४६,४२९ करोड रुपियाँको तुलनामा रक्षा उत्पादनमा १७४ प्रतिशतले वृद्धि भएको छ।कुनै समय विदेशी आपूर्तिकर्ताहरूमा निर्भर रहेको देश अहिले स्वदेशी उत्पादनमा उदाउँदो शक्ति बनेको छ र घरेलु क्षमताहरू मार्फत आफ्नो सैन्य बल निर्माण गरिरहेको मन्त्रालयले जनाएको छ। साथै, देशको रक्षा निर्यात पनि २०१३-१४ मा ६८६ करोड रुपियाँबाट बढेर २०२३-२४ मा २१ हजार करोड रुपियाँभन्दा बढी पुगेको छ। मन्त्रालयले रक्षा उत्पादन क्षेत्रमा व्यवसाय गर्न सहज बनाउन सरकारले धेरै कदम चालेको बताएको छ।

****** ० ******

**धामी-समान नागरिक संहिता-UCC**

उत्तराखण्डका मुख्यमन्त्री पुष्कर सिंह धामीले भन्नुभयो, समान नागरिक संहिता-यूसीसीले राज्यका प्रत्येक नागरिकलाई धर्म वा जातको पर्वाह नगरी समान अधिकार प्रदान गर्नेछ। श्री धामीले यसले मुस्लिम महिलाहरूमाथि हुने अत्याचारको अन्त्य गर्ने बताउनु भयो।रुद्रपुरको गान्धी पार्कमा आयोजित सभालाई सम्बोधन गर्दै श्री धामीले आफ्नो सरकारले देवभूमिका जनताको अपेक्षा पूरा गरिरहेको बताउनु भयो।

****** ० ******

**अर्थ सचिव**

आइएएस अधिकारी अजय सेठलाई नयाँ वित्त सचिव नियुक्त गरिएको छ। उहाँ १९८७ ब्याचका कर्नाटक क्याडरका अधिकारी हुन्। उहाँ अर्थ मन्त्रालयको आर्थिक मामिला विभागको सचिव हुनुहुन्छ। कार्मिक मन्त्रालयले जारी गरेको आधिकारिक आदेशमा भनिएको छ, मन्त्रिपरिषद्को नियुक्ति समितिले श्री सेठलाई अर्थ सचिवको रूपमा मनोनयन गर्न अनुमोदन गरेको छ। परम्परा अनुसार, केन्द्रीय अर्थ मन्त्रालयको सबैभन्दा वरिष्ठ सचिवलाई अर्थ सचिव तोकिन्छ। यस महिनाको सुरुमा, श्री सेठलाई राजस्व सचिवको अतिरिक्त कार्यभार दिइएको थियो।

****** ० ******

**लाभरोभ-भारत-रूस**

रुसी विदेशमन्त्री सर्गेई लाभरोभले भन्नुभयो, रुसले भारतसँग विशेषाधिकार प्राप्त रणनीतिक साझेदारी विकास गरिरहेको छ। रूसले चीन, भारत, इरान, उत्तर कोरिया र कमनवेल्थ-सीआईएस जस्ता देशहरूसँग सक्रिय रूपमा सम्बन्ध विस्तार गरिरहेको श्री लाभरोभलाई उद्धृत गर्दै सरकारी सञ्चारमाध्यमले जनाएको छ।अलेक्ज्याण्डर गोर्शकोभ सार्वजनिक कूटनीति कोषको बोर्ड अफ ट्रस्टीजको बैठकमा, श्री लाभरोभले रूसले विश्वका अधिकांश देशहरूसँग सम्बन्ध प्रवर्द्धन गर्न प्राथमिकता दिने बताउनु भयो। रुसी विदेशमन्त्रीले चीनसँगको व्यापक साझेदारी र रणनीतिक सहयोग सम्बन्धले अभूतपूर्व पारस्परिक विश्वासलाई प्रतिबिम्बित गर्ने बताउनु भयो। उहाँले भारतसँग विशेष रूपमा विशेषाधिकार प्राप्त रणनीतिक साझेदारी पनि विकास भइरहेको बताउनु भयो।

****** ० ******

**इजिप्ट-नयाँ गाजा युद्धविराम सम्झौता**

रिपोर्टका अनुसार इजिप्टले इजरायल र हमास बीच युद्धविराम पुनर्स्थापित गर्ने उद्देश्यले नयाँ प्रस्ताव अघि सारेको छ। यसलाई गाजामा जारी द्वन्द्वमा तनाव कम गर्ने प्रयासको रूपमा हेरिएको छ। इजिप्टको योजनाले बन्धकहरूको रिहाइ र उनीहरूको सम्भावित फिर्ताको लागि चरणबद्ध दृष्टिकोण प्रदान गर्दछ। यस अन्तर्गत, हमासलाई हरेक हप्ता पाँच जना इजरायली बन्धकहरूलाई रिहा गर्न सुझाव दिइएको छ। प्रस्तावित रूपरेखा अनुसार, इजरायलले बन्धक रिहा भएको पहिलो हप्ता पछि युद्धविरामको दोस्रो चरण लागू गर्नेछ।सुरक्षा स्रोतहरूले अमेरिका र हमास दुवैले प्रस्तावमा सहमति जनाएको बताएका छन् भने इजरायलले अहिलेसम्म कुनै प्रतिक्रिया दिएको छैन। गत मंगलबार इजरायलले हमास विरुद्ध हवाई र जमिन आक्रमण पुनः सुरु गरेपछि दुई महिनाको शान्ति समाप्त भएपछि भड्किएको हिंसाको सन्दर्भमा यो प्रस्ताव आएको हो। हमासले इजरायलले जनवरीको युद्धविराम सम्झौताको सर्तहरू उल्लङ्घन गरेको बताएको छ, तर हमास अझै पनि नयाँ युद्धविरामको वार्ता गर्न प्रतिबद्ध छ।

****** ० ******

**नेपाल-भारत-विद्यालय**

छिमेकी देश नेपालमा, दैलेखको दुल्लु नगरपालिकामा श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय बहुउद्देश्यीय भवनको शिलान्यास गरिएको छ। यो भारतको आर्थिक सहयोगमा निर्माण भइरहेको छ, जसको परियोजना लागत ३ करोड ९० लाख नेपाली रुपियाँ छ। कर्णाली प्रदेश सरकारका सामाजिक विकास मन्त्री घनश्याम भण्डारी, काठमाडौंस्थित भारतीय दूतावासका काउन्सिलर अविनाश कुमार सिंह र दुल्लु नगरपालिकाका मेयर भरत प्रसाद रिजालले उक्त परियोजनाको संयुक्त रूपमा शिलान्यास गरेका थिए। नेपालस्थित भारतीय दूतावासले जारी गरेको विज्ञप्तिमा भनिएको

छ, यो निर्माण 'नेपाल-भारत विकास सहकार्य' अन्तर्गत भइरहेको छ। यसमा, भारत सरकारको अनुदान साढे तीन तल्ले भवन निर्माण गर्न प्रयोग गरिँदैछ जसमा हस्तकला प्रदर्शनी क्षेत्र, पुस्तकालय, दुल्लुसँग सम्बन्धित सांस्कृतिक खण्ड, बहुउद्देश्यीय हल, कार्यालय क्षेत्र र अन्य सम्बद्ध सुविधाहरू समावेश हुनेछन्।

****** ० ******

**आईपीएल क्रिकेट**

आइपीएल क्रिकेटमा हिजो दिल्ली क्यापिटल्सले लखनऊ सुपर जायन्ट्सलाई एक विकेटले पराजित गरेको छ। लखनउले दिएको २१० रनको लक्ष्य पछयाउँदै दिल्लीले १९ ओभर र तीन बलमा नौ विकेट गुमाएर २११ रन बनाएर खेल जित्यो। खेलको एक समयमा दिल्लीले पाँच विकेट गुमाएर ६५ रनमा संघर्ष गरिरहेको थियो तर आशुतोष शर्मा र विप्राज निगमले खेल दिल्लीको पक्षमा फर्काए। आशुतोषले ३१ बलमा ६६ रनको अविजित इनिङ खेले भने विप्राज निगमले १५ बलमा ३९ रनको द्रुत पारी खेले। आशुतोष खेलको उत्कृष्ट खेलाडी घोषित भए। यसअघि दिल्लीले टस जितेर पहिले फिल्डिङ गर्ने निर्णय गरेको थियो। ब्याटिङ गर्न आएको लखनउले २० ओभरमा ८ विकेट गुमाएर २०९ रन बनाएको थियो। लखनउका लागि मिचेल मार्शले ७२ र निकोलस पुरनले ७५ रन योगदान गरे। दिल्लीका लागि मिचेल स्टार्कले तीन विकेट लिए। गुजरात टाइटन्सले आज साँझ अहमदाबादको नरेन्द्र मोदी रंगशालामा पञ्जाब किंग्ससँग खेल्नेछ। खेल साँझ ७:३० बजे सुरु हुनेछ।

****** ० ******